फोनः०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.np
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.नं :

मिति : २०८१/०४/०१

सूचना! सूचना!! सूचना!!!

**वायोमेट्रिक भेरीफिकेशन सहित सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धि अत्यन्त जरुरी सूचना!!**

यस इच्छाकामना गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले चालु आ.व. २०८१/०८२ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि मिति २०८१ श्रावण १ गते देखि मिति २०८१ भाद्र मसान्त भित्र आ-आफ्नो स्थायी ठेगाना भएको वडा कार्यालयमा वायोमेट्रिक भेरीफीकेशनका लागि आवश्यक कागजपत्र सहित लाभग्राही आफैं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ। साथै उल्लेखित समयावधि भित्र सम्बन्धित वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नविकरण नगराएको खण्डमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा सबैमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजताहरु

- सक्कल सामाजिक सुरक्षा भत्ता परिचयपत्र कार्ड।
- लाभग्राहीको पासपोट साइजको २ प्रति फोटो।
- नागरिकता प्रमापत्रको फोटोकपी।
- राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नभएको हकमा परिचयपत्र आवेदन फारम अनिवार्य।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी।
- अपाङ्गता भएको व्यक्तिको हकमा स्थानीय तहबाट जारी गरेको अपाङ्गता परिचयपत्रको फोटोकपी।
- विधुवा तथा एकल महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको फोटोकपी र अर्को विवाह नगरेको प्रमाणपत्रको फोटोकपी।

नोट : वालवालिका, पुर्ण अपाङ्ग र ९० वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभएपनि सामाजिक सुरक्षा भत्ता नविकरण गर्न बाधा नपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत